नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
# शिक्षा तथा मानव स्रोत विकास केन्द्र
## आर्थिक प्रशासन शाखा
सानोठिमी, भक्तपुर

प.सं. : आ.प्र. २०७६/७७
च.नं. : १३२

मिति : २०७६/०८/०६

विषय : प्राविधिक सेवा करारमा लिने सम्बन्धमा ।

श्री शिक्षा विकास तथा समन्वय इकाई
इलाम/ महोत्तरी /सर्लाही /दोलखा/सिन्धुपाल्चोक /नुवाकोट/काभ्रेपलाञ्चोक/पर्वत/वागलुङ/म्याग्दी ।

त्यस जिल्लाको कुल बेरूजु मध्ये विद्यालयहरूको भौतिक निर्माण तर्फको बेरूजुको हिस्सा अत्याधिक भएकोमा विद्यालयको भौतिक निर्माण कार्य पूरा भएको तर प्राविधिक (निर्माण) कर्मचारी नभई कार्य सम्पन्न प्रतिवेदन तयार हुन नसकेको सन्दर्भमा प्राविधिक कर्मचारीको सेवा करारमा लिने गरी त्यस समन्वय इकाईमा थप रकम निकासाका लागि श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट निर्णय हुने क्रममा रहेकोले यसैसाथ संलग्न प्राविधिक सेवा खरिद सम्बन्धी TOR अनुसार प्राविधिक सेवा करारमा लिई कार्य सम्पन्न प्रतिवेदन तयारी सम्बन्धी कार्य अगाडी बढाउँदै गर्नु हुन जानकारी गराइन्छ ।

..................
बाबुराम पौडेल
महानिर्देशक

बोधार्थ :
श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
आर्थिक प्रशासन शाखा,
सिंहदरबार, काठमाडौं ।

# प्राविधिक सेवा खरिदको कार्य क्षेत्रगत शर्त तथा लागत अनुमान

(क) **विद्यालयको भौतिक संरचना निर्माणको कार्यसम्पादन प्रतिवेदन तयारीका लागि परामर्श (प्राविधिक) सेवा खरिदको कार्य क्षेत्रगत शर्त (ToR)**

शिक्षा विकास तथा समन्वय एकाईको प्रत्यक्ष सुपरीवेक्षणमा रही परामर्शदाता (कम्तिमा सब-ईञ्जिनियरको योग्यता भएको) ले देहायका कार्यहरू सम्पादन गर्नु पर्नेछ ।

१. शिक्षा विकास तथा समन्वय एकाईसँग भएको सेवा खरिद सम्झौतामा उल्लेखित विद्यालयहरूमा निर्माण सम्पन्न भएका भौतिक संरचनाहरू (चार वा दुई कोठे भवन, भवन मर्मत संभार, शौचालय निर्माण, बाह्य वातावरण सुधार आदि) को सम्झौता, डिजाईन तथा लागत अनुमानको प्रति एकाईबाट प्राप्त गरी स्थलगत रूपमा नाप जाँच गर्ने ।

२. नाप, जाँच बमोजिम नापी किताब, कार्यसम्पन्न प्रतिवेदन तथा निर्माण कार्यको बिल तयार गरी प्रतिवेदन सहित शिक्षा विकास तथा समन्वय एकाईमा तोकिएको समय भित्रै प्रतिवेदन गर्ने ।

३. निर्माण सम्पन्न संरचनाको फोटो समेत खिची एकाईमा पेश गर्ने ।

४. निर्माण सम्पन्न भएको तर तोकिएको भन्दा फरक डिजाईनमा निर्माण भएको भए सोही ब्यहोराको प्रतिवेदन गर्ने । सम्झौता रकम भन्दा न्यून रकमको निर्माण कार्य भएको अवस्थामा नापी किताब तथा कार्यसम्पन्न प्रतिवेदन तयार नगर्ने एवं यस्तो अवस्थामा तोकिएको पारश्रमिक समेत भुक्तानी नहुने ।

५. शिक्षा विकास तथा समन्वय एकाई र सेवा प्रदायकबीच भएको सम्झौतामा उल्लेखित अन्य कार्यहरू ।

(ख)लागत अनुमान

शिक्षा विकास तथा समन्वय एकाईले निर्माण सम्पन्न भएका भौतिक संरचनाको विवरण एकिन गरी देहाय बमोजिमको लागत अनुमान तयार गरी स्वीकृत गर्ने एवं सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम सेवा खरिद सम्झौता गरी निर्माण भएका संरचनाहरूको नापजाँच तथा कार्यसम्पन्न प्रतिवेदन तयार गराउने कार्य गर्नु पर्नेछ ।

१. दुई कोठे तथा चार कोठे विद्यालय भवन निर्माणको हकमा हिमाली तथा पहाडी जिल्लामा प्रति विद्यालय भवनको रू ५,२२०।०० तथा तराईका जिल्लामा प्रति विद्यालय भवनको रू ४,२६१।२० का दरले हुन आउने रकम ।

२. शौचालय निर्माण, मर्मत संभार तथा वाह्य वातावरण सुधारको हकमा प्रति विद्यालय कम्तिमा रू ५ लाख लागत अनुमान भएको निर्माण कार्यको लागि हिमाली तथा पहाडी जिल्लामा प्रति विद्यालयको रू ५,२२०।०० तथा तराईका जिल्लामा प्रति विद्यालयको रू ४,२६१।२० का दरले हुन आउने रकम ।

३. दुई कोठे तथा चार कोठे विद्यालय भवन निर्माण बाहेकको अन्य निर्माण कार्यका हकमा (शौचालय निर्माण, मर्मत संभार तथा वाह्य वातावरण सुधार आदि) एउटै विद्यालयमा रू ५ लाख भन्दा कम लागत अनुमानको भए दुई वा सो भन्दा बढी विद्यालयको निर्माण कार्य समेत समावेश गरी न्यूमतम् रू ५ लाखको लागत अनुमान कायम गरी एक एकाई कायम गर्न सकिने र प्रति एकाई माथि सि.नं. १ र २ बमोजिमकै दरमा लागत अनुमान तयार गर्ने ।